दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १०७ | बुटवल | २०८१ चैत ३१, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Apr. 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मिश्र र राणामाथि सरकारको ठूलो अन्याय : राप्रपा

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष पशुपति शम्सेर राणाले पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवल शम्सेर राणालाई प्रजातन्त्र र मानव अधिकारको मान्यता विपरीत थुनामा राखेर सरकारले ठूलो अन्याय गरेको बताएका छन् ।

'अभिव्यक्ति स्वतन्त्रता सबै नागरिकको नैसर्गिक अधिकार हो । प्रजातन्त्रमा विचार स्वतन्त्रता हुन्छ, फरक मत राख्न पाइन्छ । यही हक अधिकार प्रयोग गर्दा पार्टीका नेताद्वय रवीन्द्र मिश्र र धवल शम्सेरलाई थुनामा राखेर सरकारले ठूलो अन्याय गरेको छ ।'- पूर्वअध्यक्ष राणाले भने ।

'हिरासतमा रहेका उपाध्यक्ष मिश्र, महामन्त्री राणालगायतका राष्ट्रवादी योद्धाका रिहाइका लागि पार्टीले सडकमा दवाबमूलक कार्यक्रम गर्नु पर्दछ ।'-पूर्वअध्यक्ष राणाले केन्द्रीय पदाधिकारीसहितको प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै भने ।

चैत्र १६ गते बसेको राप्रपाको कार्यसम्पादन समितिको बैठकले सरकारले दुई नेतालाई चौबीस घण्टाभित्र रिहा गर्नु पर्ने, रिहा नगरे राप्रपा आन्दोलनमा उत्रने निर्णय गरेको थियो ।

पार्टीको निर्णय बमोजिम झुटा मुद्दामा फसाइएका नेताहरुको रिहाइका लागि राप्रपाले देशव्यापी सडक प्रदर्शन गर्नु पर्ने, सबै राष्ट्रवादी शक्तिहरुसँग एकजुट भएर संवैधानिक राजसंस्था, सनातन हिन्दु अधिराज्य पुनर्स्थापनाका लागि निर्णायक आन्दोलन गर्नु पर्ने विचार प्रतिनिधिमण्डलमा सहभागी नेताहरुले व्यक्त गरे ।

नेता राणाको निवासमा उपस्थित राप्रपाका नेता, कार्यकताहरुले राप्रपा राष्ट्रिय झण्डा बोकेर आन्दोलनमा होमिनु पर्ने बताएका थिए ।

## जन चाहनाअनुसारको बजेट आउँछ : अर्थमन्त्री

पाल्पा । उपप्रधानमन्त्री एंव अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जनताको चाहना, अपेक्षा, गुनासाहरु सम्बोधन गर्ने गरी आगामी वर्षको बजेट निर्माणमा सरकार जुटिरहेको बताएका छन् । विगतका वर्षहरुमाभन्दा भिन्न शैलीको बजेट निर्माणको लागि कामहरु भइरहेको, स्वदेशमै रोजगारी, उद्योगधन्दा, कलकारखाना मुखी, उत्पादनमुखी बजेट निर्माणमा सरकार लागी परेको उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेले बताए ।

नेपाल पत्रकार महासंघ पाल्पाले तानसेनमा गरेको पत्रकार भेटघाटमा बोल्दै अर्थमन्त्री पौडेलले अहिले जनताले सडकदेखि सामाजिक सञ्जालहरुमा गरेको गुनासा अपेक्षा, सुझावलाई आफूले स्वभाविक रुपमा लिएको र देशमा स्थायित्व र विकासको लागि एमाले कांग्रेसको सरकार निर्माण भएको यो सरकार आगामी निर्वाचनसम्म ढुक्कले जाने अथमन्त्री पौडेलले बताए ।

पत्रकार सम्मेलनमा बोल्दै अर्थमन्त्री पौडलले राष्ट्र बैंकको गर्भनर नियुक्ति प्रक्रियामा चर्चा गरिएको जस्तो विवाद नभएको र केही दिनमै सरकारले निजी क्षेत्र, अर्थशास्त्रीले रुचाएको गर्भनरलाई सरकारले नियुक्ती गर्ने बताए ।

यो सरकार बनेसँगै अर्थतन्त्रमा देखापरेका सुस्तता सुधार हुँदै गएको, रोकिएका ठुला ठुला विकास निर्माणका आयोजनामा काम भइरहेको अर्थमन्त्री पौडेलले बताए । देश र जनताले खोजेको अर्थतन्त्र लागु गर्न आर्थिक सुधार सुझाव आयोगले प्रतिवेदनमा दिएका सुझावलाई सरकारले अध्ययन गरेर कार्यान्वयन गर्दै लगिने अर्थमन्त्री पौडेलले बताए ।

# व्यस्त सडक बन्द गरेर व्यापार

### स्थानीय भन्छन् : गलत भयो, अन्त गर्नुपर्छ





**भिम कार्की**
*बुटवल*

बुटवलको व्यस्त सडक कालिकापथमा सवारी आवागमन बन्द गरेर तीन दिनसम्म सडक खाना महोत्सव आयोजना गर्दा सडक प्रयोगकर्ता, स्थानीय र होटेल व्यवसायीबाट चर्को असन्तुष्टी प्रकट भएको छ ।

रेष्टुरेण्ट तथा बार व्यवसायी संघ (रेबान) ले तीनकुनेदेखि शिवालय मन्दिरसम्मको मुख्य सडकमा तीन दिनसम्मसडक खाना महोत्सव आयोजना गरेको छ । सडकमा स्टल बनाउन र स्टल हटाउँदासम्म पाँच दिनसम्म सडकमा आवागमनमा अवरोध भएको छ । आयोजकले महोत्सव सुरु हुनु तीन दिनअघिदेखि शिवालय मन्दिरनिर सडक पूर्णरुपमा अवरोध गरी स्टल निर्माणको काम गर्दा सर्वसाधारणले सहजरुपमा सवारी साधन चलाउन पाएका छैनन् ।

स्थानीय टेम्पो चालक रामु थापाले भने-'हामी दिनभर यही सडक प्रयोग गरेर गुजारा चलाउँछौं । यस्तो व्यस्त सडक बन्द गर्दा हामीलाई सास्ती भएको छ ।'

यसैगरी, दैनिक स्कुटरमा सोही सडक भएर कार्यालय आउ जाउ गर्ने सुजन थैबले व्यस्त सडकमा गर्मी मौसममा खाना महोत्सव गर्न दिनु सरासर गलत भएको बताए ।

'बुटवलमा खुला ठाउँहरु छन्, बुटवल मण्डप पनि छ, त्यहाँ खाना महोत्सव गर्दा राम्रै हुन्थ्यो,' थैवले भने-'एकातिर सडकम ा महोत्सव गर्न दिनु नै गलत छ, अर्कोतिर गर्मी मौसममा सडकमा खाना महोत्सव गर्दा धुवाँ, धुलोको र गर्मीको संक्रमण भई खानाका परिकार अस्वस्थकर भई फुड पोइजन पनि हुन सक्छ, त्यसको जिम्मेवार को हुने ?'

तिनकुनेकी मीना चौधरीले पनि सडक बन्द गरिंदा आफ्नो व्यापार प्रभावित हुने बताइन् । 'नयाँ वर्षमा हामीले ग्राहकको प्रतिक्षा गरिरहेका बेला सडकै बन्द भयो अबकसरी व्यापार हुन्छ,' उनले गुनासो गरिन्-'कसैको फाइदाका लागि हामी जस्ता सामान्य व्यापारीलाई मर्का पर्छ भन्ने अनुमति दिने निकायले ख्याल गर्नु पर्छ कि पर्दैन ?'

कालिकापथकै एक होटेल व्यवसायीले नयाँ वर्षमा स्वतस्फुर्त व्यापार बढ्ला भन्ने आशा गरेका बेला एउटा सीमित समूहको संस्थालाई सडक कब्जा गरेर महोत्सव गर्न दिनु सरासर गलत र पदीय अख्तियारको दुरुपयोग भएको बताए ।

'नयाँ वर्षमा यसै पनि यो ठाउँमा अरु बेलाभन्दा बढी बिजनेस हुन्थ्यो तर आम व्यवसायीलाई असर पर्ने गरी एउटा समूहलाई व्यापार गर्न दिनु एकदमै गलत भयो,' उनले भने-'अहिले एउटा संस्थाले तीन दिनका लागि माग्यो भनेर दिएपछि भोलि अरु संस्थाहरुले पनि मागे भने दिने कि नदिने ? अनि सवारी साधन गुड्ने सडकलाई भाडामा लगाउन पाइने कि नपाइने ? यसले कस्तो नजिर बस्छ ? यस्तो गम्भीर सवालमा सरोकारवाला निकायले किन नसोचेको ?' ती व्यवसायीले महोत्सव अवधिमा यदि यत्त घना वस्ती क्षेत्रमा आगलागी वा कुनै भवितव्य भएको त्यसको क्षतिको जिम्मेवारी अनुमति दिने निकायले लिनुपर्ने बताए ।

नयाँ वर्ष वा अरु कुनै अवसरमा बुटवलमा खाना महोत्सव आवश्यक भए पनि सार्वजनिक सडकमा नभई बुटवल मण्डप, देवीनगर रंगशाला नजिकको खुला ठाउँमा गर्दा कसैलाई असर नपर्ने उनले सम्बन्धित निकायलाई सुझाए ।

बुटवल वडा नं. ११ का वडाध्यक्ष रामचन्द्र खनाल क्षेत्रीले व्यस्त सडक बन्द गरेर कुनै पनि महोत्सव आयोजना गर्नु सभ्य समाजमा स्वीकार्य विषय नभएको बताए । आफूले यस्तो कार्यको विरोध गरेको र आगामी कार्यपालिका बैठकमा यो विषय उठान गर्ने जनाए ।

उपभोक्ता हितका क्षेत्रमा काम गर्ने होटेल व्यवसायी समुन्द्र जीसीले गर्मी सिजनमा सडकमा खाना महोत्सव गर्दा गर्मी, हावाहुरी, धुवाँधुलोले खानाका परिकार प्रदूषित हुने जोखिम अत्यधीक हुने र नागरिकको स्वास्थ्य जोखिममा पर्न सक्ने भएकाले यसबारे पुनर्विचार गर्नुपर्ने बताए ।

अग्रज पत्रकार डीआर घिमिरेले गर्मी मौसममा नाफा कमाउने उद्देश्य राखेर सडकमा खाना महोत्सव गर्ने परिपाटीले उपभोक्ताको स्वास्थ्यमा गम्भीर खेलवाड हुने भएकाले सडकमा आयोजना गर्न दिने अनुमति रोक्नुपर्ने सुझाए ।

बुटवल उप-महानगरपालिकाका आर्थिक प्रशासनका एक कर्मचारीले तीनकुने देखि शिवालय मन्दिरसम्मको सडकमा महोत्सव गर्न ५० हजार रुपैयाँ मनोरञ्जन कर लिएर अनुमति दिएको छ ।

आयोजक समितिका एक सदस्यले प्रति स्टल १२ हजार रुपैयाँ लिइएको बताए । उनले स्थानीय संस्कृति, पर्यटन र सामुदायिक एकता प्रवर्धन गर्न यस्तो महोत्सव आयोजना गरिएको दाबी गरे पनि त्यहाँ पाश्चात्य संस्कृति, उत्ताउला र छाडा नाचगान देखाइने निश्चित छ । आयोजकले ट्राफिक व्यवस्थापनमा प्रहरी प्रशासनको सहकार्यमा वैकल्पिक उपाय अपनाइने बताए पनि नागरिकको अधिकार हनन् भएको छ । ट्राफिक प्रहरी कार्यालय, बुटवलका अनुसार महोत्सवको अवधिमा वैकल्पिक मार्ग प्रयोग गर्न सवारी चालकलाई अनुरोध गरिएको छ । तर सीमित वैकल्पिक मार्ग र पूर्वसूचनाको अभावमा सक प्रयोगकर्तालाई झन् समस्या भएको छ ।

सार्वजनिक सडकमा तीन दिनसम्म सर्वसाधारणलाई आवतजावतमा अवरोध गरी कार्यक्रम गर्न वडाले सिफारिश र उप-महानगरले अनुमति दिँदा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी र जिल्ला ट्राफिक प्रहरी जस्ता सरोकारवाला निकाय मौन बस्नुले थुप्रै आशंकाहरु उब्जेको छ । यी निकायले सके अहिले नै रोक्नुपर्ने वा आगामी दिनमा सडक वाहेकका खुला र सुरक्षित ठाउँमा मात्र गर्न महोत्सव आयोजना गर्न प्रोत्साहित गर्नुपर्ने टड्कारो खाँचो देखिन्छ । अन्यथा यो विषय जटिल बन्ने निश्चित छ ।

» *( कार्की प्रशिक्षार्थी पत्रकार हुन्)*

# रूपन्देहीमा पहिलोपटक रात्रिकालीन भलिबल हुँदै

### नेपालका तीन विभागीय र भारत गुजरातको एकसहित ९ टिमले प्रतिस्पर्धा गर्ने प्रतियोगितामा भारत, पाकिस्तान र इरानका खेलाडी समेत खेल्न आउँदैछन् ।



**टिआर शर्मा**
*बुटवल*

तिलोत्तमामा यस क्षेत्रमै पहिलोपटक इण्डो नेपाल रात्रीकालीन भलिबल प्रतियोगिता हुँदैछ । बैशाख ६ गतेदेखि मणिमुकुन्द भलिबल क्लबले १०औं मणिमुकुन्द कप पुरूष भलिबल इन्डो-नेपाल क्लव च्याम्पियनसिप-२०८२ लाई पहिलोपटक रात्रिकालीन प्रतियोगिताकारुपमा गर्न लागेको हो ।

तिलोत्तमा कलेज नजिकै क्लबको आफ्नै खेल मैदानमा हुने प्रतियोगितामा नेपालका तीन विभागिय आर्मी, पुलिस र सशष्त्रका टिमसहित साग भलिबल एकेडेमी गुजरात, आयोजक मणिमुकुन्द भलिबल क्लब, गण्डकी प्रदेश भलिबल संघ, कोशी प्रदेश भलिबल संघ, गलकोट भलिबल क्लब बागलुङ, र सुदूरपश्चिम खेलकुद परिषद्ले उपाधिका लागि प्रतिस्पर्धा गर्न निश्चित भएको क्लवका अध्यक्ष लोकेन्द्र भण्डारीले बताए । गल्कोट भलिबल क्लबले पाकिस्तान र इरानका विदेशी खेलाडी उतार्ने छ भने सुदूरपश्चिमलेपनि केही भारतीय खेलाडी मैदानमा उतार्नेछ । बैशाख १३ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले नगद ३ लाख ११ हजार १११ , उपविजेताले नगद २ लाख ११ हजार १११ र तृतीय हुनेले नगद १ लाख ११ हजार १११ रुपैयां तथा कप मेडल र प्रमाणपत्र पाउने क्लबका सचिव काशिराज गौतमले जानकारी दिए ।

सान्त्वना हुनेले नगद ६६ हजार ६६६ रुपैयां तथा बेस्ट प्लेयर, बेस्ट सेटर, बेस्ट ब्लकर, बेस्ट स्पाइकर,बेस्ट डिफेन्स,बेस्ट सर्भर, बेस्ट कोच र अनुशासित खेलाडी आठ विद्यामा उत्कृष्ट हुनेलाई जनही १० हजारका दरले पुरस्कृत गरिने खेल संयोजक सुरेन्द्र गुरुङले बताए ।

पत्रकार सम्मेलनका क्लबका वरिष्ठ सल्लाहकार एवं मणिमुकुन्द मावि तथा कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले भलिबल खेलको विकास र खेलाडीको प्रोत्साहनमा क्लबको योगदान अनुकरणीइ रहेको र मणिमुकुन्द कपलाई उचाईमा पुऱ्याउन स्थानीय सञ्चारमाध्यम र पत्रकारको भूमिका प्रशंसनीय रहेको चर्चा गरे । क्लबले दातासँग सहयोग संकलन गरेर जिल्लास्तरीय, क्षेत्रीय, राष्ट्रिय हुंदै अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्नु चुनौतिपूर्ण काम भएको उल्लेख गरे । लुम्बिनी प्रदेश भलिबल संघका अध्यक्ष योग गुरुङले स्थानीइ क्लबले आम्दानीको स्रोत नहुंदा नहुँदै पनि इण्डो नेपाल भलिबल प्रतियोगिता आयोजना गर्नु गौरवको विषय भएको उल्लेख गर्दै सबैले सहयोग गर्नुपर्ने धारणा राखे । खेल अवलोकनका लागि करिब ३ हजार दर्शक अटाउने प्यारापिट निर्माण गरिएको क्लबका संस्थापक अध्यक्ष मिलन रानाले बताए ।

प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रथम पुरस्कार सौजन्यकर्ता अमेरिका निवासी तिलोत्तमा १ का स्थानीय मोति कंडेलले ३ लाख ११ हजार १११ रुपैयाँको चेक क्लबका अध्यक्ष भण्डारीलाई हस्तान्तरण गरे । भारत, पाकिस्तान र इरानका डेढ दर्जन बढी खेलाडी आउने भएकाले प्रतियोगिताले खेल मार्फत यहांको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउने छ ।



## सम्पादकीय

# सडकबाट विद्यालय फर्क

सामुदायिक विद्यालयका शिक्षकहरूको काठमाडौं केन्द्रित आन्दोलन दुई साता पुग्न लागेको छ। नयाँ शैक्षिक सत्र सुरु भएकोले अब आन्दोलनको स्वरुप बदलेर शिक्षकहरु विद्यालय फर्कनुपर्छ। त्यसका लागि सरकारले वातावरण बनाउनुपर्छ।

शिक्षा विधेयक संसदको विषयगत समितिमा छलफल भइरहेको छ। यो विधेयकको सरोकारवाला पक्ष धेरै भएकोले विषयगत समितिमा दफावार छलफल निकै मिहिन ढंगले र दिनहुँ जसो भइरहेको छ। शनिबार समेत समितिमा छलफल भएकाले विधेयकलाई छिटो अघि बढाउन संसद गम्भीर छ भन्ने देखिन्छ। अहिले संसद चालु छैन्, विधेयक थान्को लागेको छ भन्ने बुझाइ हो भने गलत हो। संसद चालु नभए पनि संसदीय समितिले काम गरिरहेका छन्। संसदीय समिति मिनि संसद हुन्। यिनीहरुले संसद नबसेको बेला पनि काम गर्छन्। शिक्षा विधेयकको बारेमा पनि अहिले निरन्तर छलफल भइरहेको छ। शिक्षकहरुले अहिले नै कानुन आउनुपर्छ, अध्यादेश ल्याउनुपर्छ भन्ने अड्डी अव्यवहारिक देखिन्छ। विषयगत समितिमा छलफल भइरहेको विषयमा अध्यादेश ल्याउनु उचित हुँदैन। बरु संविधान संशोधन गर्नुपर्ने सवालमा अघि राखेका माग अहिले नै सम्बोधन हुने छाँटकाँट देखिन्न। यो विषयमा पनि शिक्षकले हेक्का राख्नुपर्छ। अरु मागप्रति प्रधानमन्त्रीले पटक-पटक वार्तामा बस्न गरेको आग्रहलाई स्वाभाविक रुपमा लिन आवश्यक छ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) लगायत वार्षिक परीक्षा सकेर शिक्षकहरू आन्दोलन गर्न काठमाडौं केन्द्रित हुँदा उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनलगायत काम प्रभावित भएका छन्। कक्षा १२ को परीक्षा नजिकै आउँदैछ। यही मौकामा सरकारलाई झुकाउन सकिन्छ भन्ने बुझाइ हो भने गलत हो। राजनैतिक प्रकृतिको माग होइन् शिक्षकहरुको। विधेयक थान्को लागेको भए स्वाभाविक मान्न सकिन्थ्यो। तर विधेयक आगामी संसद अधिवेशनका बेला पारित हुन्छ भन्ने ग्यारेण्टी गरी सडक आन्दोलनबाट फिर्ता हुनुपर्छ।

शिक्षकहरूले यस अघि भएको सहमति कार्यान्वयन गर्न दबाब दिइरहेका छन्। उनीहरुले विगतको सहमति कार्यान्वयनको माग राखेर वार्तामा बस्न बेवास्ता गर्दै आएका छन्। आन्दोलनरत शिक्षक महासंघसँग सरकारले २०८० असोज ५ गते सहमति नै गरेको थियो। विगतको सहमति कार्यान्वयनको माग राखेर वार्तालाई अस्विकार गर्न मिल्दैन्।

सरकारले पटक-पटक सहमति गर्ने, तर कार्यान्वयन नगर्ने प्रवृत्तिले शिक्षक सडकमा जान बाध्य भएका हुन्। अब शिक्षा विधेयक टुंगो लाग्ने विन्दुमा पुगेकोले विश्वासको वातावरण बनेको छ। यो बेला सडकबाट विद्यालय फर्कदा नै शिक्षकप्रति समाजले हेर्ने दृष्टिकोण सकारात्मक बन्छ।

# वन्यजन्तु संरक्षणको राष्ट्रिय दायित्व

पशुपति अधिकारी



वन्यजन्तु आहारा, पानीको खोजी र शत्रुबाट बच्न मौसम अनुसार बसाइँ सर्ने गर्छन्। संरक्षित क्षेत्रभन्दा बाहिरको वनमा वन्यजन्तु संरक्षणको कामले प्राथमिकता नपाउने हुँदा वन्यजन्तुको चोरीसिकार बढेको छ। संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या बढेसँगै मध्यवर्ती क्षेत्रमा पर्यटन व्यवसाय फस्टाउँदै गएको छ र संरक्षित क्षेत्र घना मानवबस्तीले घेरिँदै गएका छन्।

नेपाल विश्व मानचित्रमा ०.१ प्रतिशत भू-भाग ओगटेको सानो मुलुक भए पनि इन्डो मलायन र प्यालियाट्रिक जैविक भूमण्डलीय क्षेत्रको दोसाँधमा पर्ने हुँदा परापूर्वकालदेखि नै वन्यजन्तुका लागि प्रसिद्ध थियो। मल्लकालमा नेपालबाट मह, कस्तूरी र जडीबुटीको निकासी गरिन्थ्यो। पृथ्वीनारायण शाहको दिव्योपदेशमा आफ्ना देशका सामान, जडीबुटी विदेश लगेर नगद ल्याउनू "आफ्ना देसको जिनिस्, जरिवुटि देस लैजानु र नगद षैचनु" भन्ने रहेको छ। नेपालमा स्तनधारी वन्यजन्तुका २०८ प्रजाति, चराका ८९० प्रजाति, सर्पका १२३ प्रजाति, उभयचरका ५५ प्रजाति, माछाका २३० प्रजाति, पुतलीका करिब ६५१ प्रजाति र फूल फुल्ने वनस्पतिका करिब ६,९७३ प्रजाति अभिलेख गरिएको छ।

वन्यजन्तु अन्तर्गत स-साना कीटपतङ्गदेखि हात्ती जस्ता ठुला जनावर पर्छन्। सबै वन्यजन्तुको आ-आफ्नै पारिस्थितिकीय, आर्थिक, पर्यटकीय, वैज्ञानिक, धार्मिक तथा सांस्कृतिक महत्त्व छ। विश्वको खाद्य सुरक्षामा स-साना कीटपतङ्गको ठुलो योगदान छ। तिनले बालीनालीमा परागशेचन गरी वातावरणीय सेवा प्रदान गरेका छन्। वन्यजन्तु वंशाणु स्रोतका भण्डार हुन्। जैविक प्रविधिको माध्यमबाट मानव उपयोगी वंशाणु स्रोतको खोजी गरी घरपालुवा पशुपक्षीको नश्ल सुधार गर्न सकिन्छ। नेपालमा विश्वमै दुर्लभ बाघ, गैँडा, हात्ती, गौरीगाई जस्ता वन्यजन्तु पाइन्छन्। विश्वभर वन्यजन्तु पर्यटकको संख्या बर्सेनि बढ्दै गइरहेको हुँदा नेपाललाई वन्यजन्तु पर्यटकको उत्कृष्ट गन्तव्य स्थल बनाउन सकिने सम्भावना रहेको छ। धार्मिक दृष्टिकोणबाट हेर्दा वन्यजन्तु हिन्दु धर्मका विभिन्न देवीदेवतासँग जोडिएका छन् भने वन्यजन्तुका कारण राष्ट्रको प्रतिष्ठासमेत बढ्ने गरेको छ।

नेपाल र बेलायतबिचको कूटनीतिक सम्बन्धलाई प्रगाढ बनाउन वन्यजन्तुले पुऱ्याएको योगदान नेपालको इतिहासमा अविस्मरणीय छ। सन् १९२१ मा बेलायतका राजा जर्ज पाँचौँ नेपालमा ठोरीको जङ्गलमा एक महिना सिकार खेल्न आएका थिए। त्यस समयमा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले उनलाई खुसी बनाएको हुँदा बेलायतले नेपाललाई सन् १९२३ मा सार्वभौमसत्ता सम्पन्न मुलुकको मान्यता दिएको थियो। यसरी सिकार कूटनीतिको माध्यमबाट नेपालले लाभ लिन सकेको थियो।

नेपालमा विधिसम्मत रूपमा वन्यजन्तु संरक्षणको काम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ लागु गरेपछि भएको हो। यो ऐनले दिएको अधिकार प्रयोग गरी अहिले नेपालमा बाह्र वटा राष्ट्रिय निकुञ्ज, दुई वटा आरक्ष र छ वटा संरक्षण क्षेत्र स्थापना गरिएको छ। यीमध्ये सोह्र वटा संरक्षित क्षेत्र नेपाल सरकारबाट, अन्नपूर्ण, मनासलु र गौरीशङ्कर संरक्षण क्षेत्र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट र कञ्चनजङ्घा संरक्षण क्षेत्र स्थानीय समुदायबाट व्यवस्थापन गरिएको छ। नेपालका चौध वटा निकुञ्ज, आरक्षको सुरक्षा नेपाली सेनाले गरेको छ।

वन्यजन्तु संरक्षणका लागि मूल कानुनका रूपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ छ भने त्यस अन्तर्गत विभिन्न नियमावली, निर्देशिका, कार्यविधि, रणनीति र मापदण्ड बनेका छन्। वन्यजन्तु संरक्षणमा सहयोग पुऱ्याउने अन्य ऐनमा राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन-२०३९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन-२०७३, वन ऐन-२०७६ र वातावरण संरक्षण ऐन-२०७६ रहेका छन्। वन्यजन्तु संरक्षणको काममा सबै सरोकारवालाको सहभागिता जुटाउन राष्ट्रिय बाघ संरक्षण समिति नेपालको गठन गर्ने कानुनी व्यवस्था गरिएको छ भने वन्यजन्तु अपराध नियन्त्रण आदेश-२०८० जारी गरिएको छ।

नेपालमा कुनै संस्था, निकाय वा स्थानीय तहले चिडियाखाना सञ्चालन गर्न पाउने कानुनी व्यवस्था छ भने व्यक्ति वा संस्थाले व्यावसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् र उपयोग गर्न सकिने कानुनी व्यवस्थासमेत गरिएको छ। नेपालको संविधानले वन्यजन्तु संरक्षणको कामलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखेको छ। प्रदेश र स्थानीय तहले समेत वन ऐन-२०७६ को अधिनमा रहेर वनसम्बन्धी आ-आफ्ना कानुन बनाएका छन्। प्रदेश र स्थानीय तहको संस्थागत क्षमता कमजोर रहेकाले वन्यजन्तु संरक्षणको कामले प्राथमिकता पाउन सकेको छैन।

अहिले नेपालको कुल भूभागको ४४.७४ प्रतिशत अर्थात् ६६ लाख हेक्टर वन क्षेत्र रहेकाले वन्यजन्तुको संख्या बढ्दै गएको छ। कुल वन क्षेत्रमध्ये १८ प्रतिशत अर्थात् बाह्र लाख हेक्टर वन क्षेत्र संरक्षित क्षेत्रभित्र पर्छ भने संरक्षित क्षेत्रबाहिर ५४ लाख हेक्टर वन रहेको छ। चितुवा, सालक र रेडपान्डा संरक्षित क्षेत्रभित्रभन्दा बाहिरको वनमा धेरै रहेका छन्। हात्तीको अधिकांश विचरण क्षेत्र संरक्षित क्षेत्रबाहिरको वनमा रहेको छ। हात्तीको संरक्षणका लागि भूपरिधिस्तरमा वन्यजन्तु संरक्षणका काम गर्नुपर्ने हुन्छ।

वन्यजन्तु आहारा, पानीको खोजी र शत्रुबाट बच्न मौसम अनुसार बसाइँ सर्ने गर्छन्। संरक्षित क्षेत्रभन्दा बाहिरको वनमा वन्यजन्तु संरक्षणको कामले प्राथमिकता नपाउने हुँदा वन्यजन्तुको चोरीसिकार बढेको छ। संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या बढेसँगै मध्यवर्ती क्षेत्रमा पर्यटन व्यवसाय फस्टाउँदै गएको छ र संरक्षित क्षेत्र घना मानव बस्तीले घेरिँदै गएका छन्। यसरी मध्यवर्ती क्षेत्रको भू-उपयोगमा परिवर्तन आएसँगै त्यहाँका जैविक मार्ग टुट्दै गएका गएका छन् र मानव वन्यजन्तु द्वन्द्व बढेको छ। अत्यधिक दोहन र प्रदूषणका कारण सिमसार क्षेत्रको उत्पादकत्व भने घटेको छ।

वन्यजन्तु संरक्षण कठिन कार्य हो। अहिले वन्यजन्तु संरक्षणमा देखापरेका मुख्य चुनौती वन्यजन्तुको चोरीसिकार, बढ्दो अप्राकृतिक मृत्युदर, वन डढेलो, सिमसार क्षेत्रको विनाश, मानव वन्यजन्तु द्वन्द्व, विकास र वातावरणबिच सन्तुलन कायम राख्न नसक्नु एवं तीन तहका सरकारबिच समन्वय र सहकार्यको अभाव रहेको छ। यस्ता चुनौतीसँग जुध्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई वन्यजन्तु अपराध हेर्ने जिम्मेवारी तोकिएको छ भने भौतिक पूर्वाधारका कारण हुने गरेको वन्यजन्तुको अप्राकृतिक मृत्युदरलाई घटाउन वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका-२०७८ लागु गरिएको छ।

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी वन्यजन्तु संरक्षणको कामलाई सहज र द्वन्द्वमुक्त वनाउन मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम लागु गरिएको छ। यस कार्यक्रममार्फत सम्बन्धित निकुञ्ज, आरक्षले आर्जन गरेको आम्दानीको ३० देखि ५० प्रतिशत रकम वन्यजन्तु प्रभावित क्षेत्रमा सामुदायिक विकासका काममा खर्च गरिँदै आइएको छ। यसका अलावा नेपाल सरकारले छुट्टै बजेट व्यवस्था गरी बाघ, भालु, गैँडा, हात्तीलगायतका सोह्र वटा वन्यजन्तुले मानिस, पशुधन र बालीनालीमा क्षति पुऱ्याएमा त्यसबापत राहत सहयोग प्रदान गरिएको छ। संरक्षण शिक्षाबाट वन्यजन्तु संरक्षणमा ठुलो योगदान पुगेको हुन्छ। अहिले सञ्चालन गर्दै आएको संरक्षण शिक्षा कार्यक्रम प्रभावकारी हुन नसक्दा सर्वसाधारण जनतालाई कुन वन्यजन्तुको कसरी उद्धार गर्ने भन्ने आधारभूत ज्ञानको कमी छ। त्यसले गर्दा मृग प्रजातिको उद्धार कार्य प्रभावकारी हुन सकेको छैन। अहिले वनबाट गाउँघर र खेतबारीमा निस्केका रतुवा मृग, चित्तललाई पक्रेर सुरक्षित वासस्थानमा छाड्ने गरिएको छ। यसरी छाडेका मृगमध्ये तुरुन्तै छाडेकाबाहेक अरू सबै मृग मर्ने गरेका छन्। मृग प्रजातिमा क्याप्चर मायोपेथी भनिने हृदयाघातको समस्या अत्यधिक बढी हुने गर्छ। त्यसले गर्दा कुनै घाउ, चोटपटक नलागेका मृग पनि लामो समयसम्म मानिसको सम्पर्कमा राखेमा हृदयाघातका कारण मर्ने गर्छन्।

नेपालले चोरीसिकार र वन्यजन्तुको आखेटोपहार ओसारपसारमा संलग्न व्यक्तिलाई पक्राउ गरी कडा कानुनी कारबाही गर्दै आएको छ। वन्यजन्तुको जीवविज्ञानका बारेमा चाहे अनुरूपको अनुसन्धान गर्न सकेको छैन। यसको जिम्मा राष्ट्रिय प्रकृति संरक्षण कोष नामको गैरसरकारी संस्थालाई दिइएको छ। यस संस्थाले एकाध वन्यजन्तुबाहेक अन्य वन्यजन्तुको विद्यमान अवस्था के कस्तो छ भन्ने विषयमा अध्ययन नगरेको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ को अनुसूची १ मा रहेका संरक्षित वन्यजन्तुको सूचीलाई ५० वर्ष बितिसक्दा पनि परिमार्जन गर्न सकिएको छैन। पर्याप्त अध्ययनको अभावमा सङ्कटापन्न अवस्थामा पुगेका ओत, मलाहा बिरालो, थार, चितुवा जस्ता स्तनधारी वन्यजकधन्तु, डङ्गर गिद्ध र सानो खैरो गिद्ध जस्ता पक्षी, कछुवा जस्ता सरिसृप र पाहा जस्ता उभयचरलाई संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गर्न सकिएको छैन। फलस्वरूप व्यापारिक महत्त्व भएका चितुवा जस्ता वन्यजन्तुका चोरीसिकार सामान्य दण्ड जरिबाना तिरेर सजिलै उम्कने गरेका छन्। जलवायु परिवर्तनले वन्यजन्तु संरक्षणमा कस्तो असर पार्न सक्छ भन्ने विषयमा अध्ययन भएको छैन। साथै परस्थानीय र वंशाणु परिवर्तन गरेका जीवजन्तु, वनस्पतिबाट रैथाने वन्यजन्तुलाई जोगाइराख्न अवलम्बन गर्नुपर्ने जैविक सुरक्षाका उपायबारेमा अध्ययन अभाव छ।

अन्त्यमा, वन्यजन्तु हाम्रा राष्ट्रिय सम्पत्ति हुन् र यिनको संरक्षण गर्नु हाम्रो राष्ट्रिय दायित्व हो। नेपालले वन्यजन्तुको दिगो उपयोगमार्फत् हरित् अर्थतन्त्रको निर्माण गर्न सक्ने अथाह सम्भावना रहेको छ। त्यसका लागि सङ्घ, प्रदेश र स्थानीय तिनै तह एवं वन समूह, निजी र सहकारी क्षेत्रबिचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याएर समृद्धि हासिल गर्ने योजना तर्जुमा गर्नु पर्छ। गोपबाट

# औषधि किन्दा वा फलोअपमा जाँदा चिकित्सकलाई के सोध्ने ?

डा.रमेश शर्मा पौडेल

नेपालमा ज्येष्ठ नागरिकका स्वास्थ्यसँग के-के पक्षहरुले सरोकार राख्न सक्छ भन्ने केही पक्षलाई यहाँ प्रस्तुत गर्न खोजिएको छ।

नेपालमा अहिले कुल जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिक छन्। आगामी २५ वर्षमा नै यो संख्यामा दोब्बरले बढोत्तरी हुने अनुमान गरिएको छ। ज्येष्ठ नागरिकसँग सरोकार राख्ने धेरै प्रकारका जनस्वास्थ्यका समस्याहरु छन्। जसमा ज्येष्ठ नागरिकहरुमा एक भन्दा बढी रोगहरु हुन्। प्रत्येक ४ जनामध्ये एक जनामा एक भन्दा बढी रोग हुनु, औषधि खाइरहेकाहरु मध्ये एकदमै कम ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप तथा महुमेहजस्ता रोग नियन्त्रण हुनुजस्ता समस्याहरु देखिने गरेको छ। त्यस्तै करिब ५० प्रतिशत ज्येष्ठ नागरिकलाई डिप्रेसन, एन्जाइटी जस्ता मानसिक स्वास्थ्य समस्या रहेको पाइएको छ।

करिब १६ प्रतिशत ज्येष्ठ नागरिकहरुमा कुपोषणको समस्या तथा ६१ प्रतिशत कुपोषण हुने जोखिममा रहेको अनुसन्धानले पत्ता लगाएको छ। यसरी हेर्दा करिब २० -२२ प्रतिशत ज्येष्ठ नागरिकलाई उचित प्रकारको खानपानको व्यवस्था हुन सकेको छ।

बिरामी हुँदा करिब ६० प्रतिशत ज्येष्ठ नागरिक मात्रै उपचारका लागि शुरुमै अस्पतालजाने गरेको पाइन्छ। त्यसमध्ये ४० प्रतिशतले भने आयुर्वेदिक वा अन्यसेवा लिएको पाइएको छ। अस्पताल गएर सेवा लिएकामध्ये ७० प्रतिशत ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा लिन समस्या भएको रिपोर्ट गरेका छन्।

करिब ४० प्रतिशतज्येष्ठ नागरिकले कुनै न कुनै प्रकारको दुर्व्यवहारको



सामना गर्नुपरेको छ। उनीहरुका स्याहारकर्ताले उचित स्याहार नदिएको तथा शाब्दिक रुपमा दुर्व्यवहार गरेको पाइएको छ। यस्तो अवस्थामा उनीहरुको जीवनशैलीलाई स्वस्थ मान्न सकिदैंन।

नेपालमा ५ प्रतिशत ज्येष्ठ नागरिकहरुले विभिन्न माध्यमबाट एकै व्यक्तिले स्वास्थ्य सेवा लिँदा औषधि डुप्लीकेसनको समस्या देखिएको छ जस्तै एकै प्रकारको तर फरक फरक कम्पनीको औषधि प्रयोग गर्नु।

करिब ५० प्रतिशत ज्येष्ठ नागरिकहरुले ५ भन्दा बढी प्रकारका औषधिहरु सेवन गरिरहेका छन्। करिब ५० प्रतिशत ज्येष्ठ नागरिकहरुले वृद्धावस्थामा उपयुक्त नमानिने औषधिहरु समेत प्रयोग गरिरहेका छन्। यसले गर्दा उनीहरुलाई फाइदाभन्दा बढी हानी गरिरहेको अवस्था छ। ४३ प्रतिशतले पछिको लागि भन्दै सिटामोल, पेन किलर जस्ता औषधिहरु किनेर घरमा राख्ने गरिएको पाइएको छ। त्यसले स्वास्थ्यमा नकारात्मक असर गरेको पाइएको छ।

ज्वरो आएको बेला घरमा लगेर राखिएको सिटामोल र आइबुप्रोफेन प्रयोगको समिश्रण डेंगु हुँदा प्रयोग भएमा त्यसले नकारात्मक असर गर्छ। यसरी पछि चाहिन्छ भनेर घरमा औषधि भण्डारण हुँदा कतिपय ज्येष्ठ नागरिकले म्याद गैसकेको अवस्थामा पनि औषधिको प्रयोग गरिरहेको पाइन्छ, जुन स्वास्थ्यका दृष्टिकोणले फाइदाजनक होइन बरु घातक मानिन्छ।

बिरामीले औषधिको उचित र सुरक्षित प्रयोग गर्नका लागि परामर्श लिँदा फार्मसिष्ट र चिकित्सकलाई यी कुरा सोधौं-

१. औषधिको नाम र मात्रा

२. सेवन गर्ने विधि र समय अर्थात् दिनमा कतिपटक खाने, खाली पेटमा खाने कि, खानाअघि खाने कि,

खाना सँगै खाने कि खानापछि खाने, राम्रोसँग भन्ने र बुझ्ने

३. औषधि कहिलेसम्म सेवन गर्ने सोको समय-अवधी

४. औषधि लिँदा - खान नहुने अरु औषधिहरू, खाद्य बस्तुहरु र पेयपदार्थहरु

५. औषधि लिंदा सो औषधिले देखाउने अपेक्षित साइडइफेक्ट

६. भूलवस औषधिको मात्रा छुटिहाल्यो भने - छुटेको मात्राको परिपूर्ति गर्ने तरिका

७. औषधि खोलेपछि कहिलेसम्म प्रयोग गर्न मिल्ने हो सोको समयावधि

८. औषधि कहाँ र कसरी राख्ने तरिका

९. औषधि उत्पादन भएको र म्याद सकिने मिति

१०. प्रयोग नभएको अथवा म्याद सकिएको औषधिको उचित व्यवस्थापन गर्ने तरिका

११. औषधि प्रयोग गर्दा अपनाउनुपर्ने अन्य सावधानीहरू

फलोअपमा जाँदा फार्मसिष्ट र चिकित्सकलाई यी कुरा सोधौं

- मैले प्रयोग गरिरहेको औषधिहरुको थप डोज खानु पर्छ कि पर्दैन ?

पर्छ भने - मैले थप डोज किन खानुपर्ने हो ?

- की पुरानो औषधि छोडेर नयाँ नयाँ औषधि थप गरिएको हो ?

- किन पुरानो औषधि छोडेर नयाँ खानु पर्ने हो ?

-अब कुन कुन औषधि नियमितरुपमा कहिलेसम्म सेवन गर्नुपर्छ ?

-मेरो औषधि कसरी र कति समयसम्म खाने वा प्रयोग गर्ने ?

-प्रयोग गरेको औषधिले काम गरिरहेको छ वा छैन भन्ने मैलै कसरी थाहा पाउने र यसका सम्भावित असरहरु के - के हुनसक्छन् ?

-अर्को पटक आउँदा मलाई कुनै थप परीक्षण चाहिन्छ ?

-अर्को पटक तपाईंलाई भेट्न कहिले आउने ?

लेखक डा. शर्मा ज्येष्ठ नागरिकमा औषधिको उचित र सुरक्षित प्रयोग गर्न सकिने विषयमा अनुसन्धानमा सक्रिय छन्।

(डा.रमेश शर्मा पौडेल औषधि विज्ञ हुन्।)

# ‘मुलुक आर्थिक रुपमा अघि बढ्न सकेन’




देवदह । नेपाली कांग्रेसका केन्द्रीय सदस्य शंकर भण्डारीले मुलुक आर्थिक रुपमा अघि बढ्न नसकेको बताएका छन् । राजनीतिले सही बाटो समात्न नसक्दा देश आर्थिक ट्र्यापमा फँस्न पुगेको उनले बताए ।

नेपाल जेसीजअन्तर्गत क्षेत्र ‘घ’ का अध्यक्षहरुको सम्मेलनको देवदहमा उद्घाटन गर्दै पूर्वमन्त्री समेत रहेका भण्डारीले प्राकृतिक रुपमा देश धनी भए पनि राजनीतिक अन्तरद्वन्द्वका कारण विकासले गति लिन नसकेको जनाए । ‘आजको समस्या के हो ? गाउँ घर किन रित्तिँदै छन्, पहाड खाली छ, भोलि शहर पनि खाली हुँदैछ,’ जेसीज युवाहरुलाई ईङ्गित गर्दै उनले भने-‘यसप्रति तपाईं युवाहरु चिन्तित हुनुपर्यो ।’

दृढ संकल्प बोकेर अगाडि बढ्नेहरुले नै सफलता प्राप्त गर्ने तर्क गर्दै उनले त्यस्तो संकल्प बोकेकाहरु समेत पछिल्ला दिनमा कमजोर बन्दै गएको स्पष्ट पारे । महङ्गी, बेरोजगारी, युवा पलायन जस्ता समस्याले देश ग्रस्त बनेको बताउँदै जेसीजका युवाहरुमा रहेको ज्ञान, सीप र क्षमता देशको विकास र परिवर्तनमा देखाउन उनले आग्रह गरे । उनले अहिले तथ्यहिन हिसाबले कुतर्क गर्नेहरुले चोक र चौताराहरु भरिने गरेको भन्दै हरेक युवाहरु उद्यमसँग जोडिने हो भने विकासले गति लिन समय नलाग्ने बताए ।

‘हामीसँग जल, जमिन, जङ्गल, जडीबुटीलगायत थुप्रै अवसरहरु रहेका छन्, तर पनि देश किन विकसित हुन सकेन ?,’ उनले भने-‘अब तपाईंहरुले २७५ जना सांसदलाई खबर गरेर प्रश्न गर्ने बेला भएको छ ।’

नेपालमा पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, जनकपुरधाम जस्ता सयौं धार्मिक क्षेत्र र हजारौं पर्यटकीय स्थलहरु रहेको भन्दै भण्डारीले अब युवाहरुले त्यस्ता क्षेत्रहरुलाई उपयोग गरेर विकासको लय समाउन अग्रसर हुनुपर्नेमा जोड दिए । उनले गल्ती गर्नेलाई गाली मात्र गरेर नहुने भन्दै गरेको गल्ति औंल्याइदिएर सुधारको बाटो समेत देखाउन युवाहरुलाई आग्रह गरे ।

नेपाल जेसीजका राष्ट्रिय कार्यकारी उपाध्यक्ष सौरभ श्रेष्ठले जेसीजका युवाहरु उद्यमबाट टाढा हुन नहुने बताए । उनले युवा विनाको उद्यम कल्पना समेत गर्न नसकिने बताउँदै यसबारे बहस अघि बढाउन जेसीज अध्यक्षहरुलाई आग्रह गरे ।

जेसीजका राष्ट्रिय उपाध्यक्ष तथा क्षेत्र ‘घ’ का निरुपित उपाध्यक्ष सन्दिप खत्रीको अध्यक्षता, प्रेसिडेन्ट मिट कार्यक्रमका निर्देशक एवम् देवदह जेसीजका पूर्व अध्यक्ष सुरेन्द्र अधिकारीको स्वागत, देवदह जेसीजका अध्यक्ष दिपक अधिकारीको धन्यवाद ज्ञापन र महासचिव कमला अर्यालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# प्रशिक्षणका लागि राष्ट्रिय महिला क्रिकेट टिम भैरहवामा



भैरहवा । बन्द प्रशिक्षणका लागि नेपाली राष्ट्रिय महिला क्रिकेट टोली भैरहवा आएको छ । शनिबार उक्त टोली भैरहवा आएको हो । महिला क्रिकेट टोलीलाई रुपन्देही क्रिकेट संघ (कार)ले भैरहवास्थित गौतमबुद्ध विमानस्थलमा स्वागत गरेको छ । आगामी मे महिनामा हुने विश्वकप एशिया छनोटको खेलको तयारी गर्न बन्द प्रशिक्षणका लागि महिला क्रिकेट टिम भैरहवामा आएको रुपन्देही क्रिकेट संघका कोषाध्याक्ष निरजप्रताप खाँणले जानकारी दिए ।

महिला राष्ट्रिय क्रिकेट टिमको यो दोस्रो चरणको प्रशिक्षण हो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी)को कार्यक्रमअनुसार मे महिनामा थाइल्याण्डमा एशिया क्षेत्र छनोट खेल हुँदैछ ।

यसको तयारी स्वरुप यसअघि पहिलो चरणको बन्द प्रशिक्षण भइसकेको छ । दोस्रो चरणमा भैरहवामा बन्द प्रशिक्षण हुन लागेको नेपाल क्रिकेट संघका क्रिकेट अप्रेसन म्यानेजर विनोदकुमार दासले बताए ।

संघका कोषाध्यक्ष खाँणका अनुसार २६ सदस्यीय महिला क्रिकेट टोली बन्द प्रशिक्षणका लागि भैरहवा आएका हुन् । ‘हामीले खेलाडीको हौसलाका लागि विमानस्थलमा गएर स्वागत गरेका हौं’, उनले भने, ‘भैरहवामा यसअघि पुरुष राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षण भएको थियो । लगत्तै महिला टिमको बन्द प्रशिक्षण हुँदैछ । यो यस क्षेत्रका लागि सकारात्मक सन्देश हो ।’

उक्त टिमको आइतबारदेखि बैशाख १७ गतेसम्म भैरहवामा बन्द प्रशिक्षण चल्नेछ । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा हुने बन्द प्रशिक्षणपछि नेपाली टिम थाइल्याण्ड प्रस्थान गर्नेछ । रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले राष्ट्रिय टिमको बन्द प्रशिक्षण भैरहवामा हुँदा यसले रुपन्देही र आसपासको क्रिकेट क्षेत्रमा नयाँ उत्साह ल्याउने बताए । ‘सिद्धार्थ रंगशाला पछिल्लो समय राष्ट्रिय टिमको बन्द प्रशिक्षणका लागि रोजाइ बनेको छ’, उनले भने-‘निरन्तर राष्ट्रिय पुरुष र महिला टिमको बन्द प्रशिक्षण भइरहँदा भोलिका दिनमा यहाँको मैदानको विकासमा समेत सरकारको ध्यान बढी केन्द्रित हुने हाम्रो विश्वास छ ।’

इन्दु बर्माको कप्तानीमा रहेको राष्ट्रिय महिला क्रिकेट टिमले १८ दिन भैरहवामा प्रशिक्षण लिनेछ ।

महिला राष्ट्रिय क्रिकेट टिमको स्वागतका लागि संघका अध्यक्ष थापासहित, उपाध्यक्ष धीरज अधिकारी क्षेत्री, कोषाध्यक्ष खाँणलगायत कार्यसमितिका सदस्यहरु गौतमबुद्ध विमानस्थल पुगेका थिए । क्रिकेट खेलाडीहरुलाई खादामालाले स्वागत गरिएको थियो ।

# सुदूरपश्चिम र कर्णाली प्रदेशका ३० किशोरीलाई साथी सहजकर्ता बनाइँदै

खजुरा (बाँके) । सुदूरपश्चिम र कर्णाली प्रदेशका ३० किशोरीलाई दक्ष (साथी सहजकर्ता) बनाउन थालिएको छ । समुदायस्तरमा किशोर किशोरीको समूहलाई सचेतना अभिवृद्धिका लागि किशोरीलाई प्रशिक्षक प्रशिक्षण तालिममार्फत दक्ष बनाउन लागिएको हो ।

किशोरीलाई दक्ष बनाउन १२ दिने रुपान्तरण प्रशिक्षक प्रशिक्षण तालिम नेपालगञ्जमा सञ्चालन गरिएको छ । तालिममा रुपान्तरणका १५ विषयवस्तु मेरो सेरोफेरो, आत्म जागरण, अधिकार र कर्तव्य, लिङ्ग र लैङ्गिकता, किशोरावस्था, राम्रो बानी, पोषण, नागरिक सहभागिता, प्राथमिक उपचार, खर्च र बचत, यौन तथा प्रजनन अधिकारलगायत विषयमा आधारित ज्ञान प्रदान गरिने युनिसेफको क्षेत्रीय कार्यालय धनगढीका बालसंरक्षण अधिकृत प्रकाश कैनीले बताए ।

शसक्त महिला समृद्ध नेपाल परियोजनाअन्तर्गत सामुदायिक विकास केन्द्र डोटी र आवाज सुर्खेतद्वारा आयोजित तालिममा कालीकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत बाजुरा, डोटी र कञ्चनपुरका ३० जना किशोरीको सहभागिता छ ।

तालिम पश्चात् सहभागीले समुदायस्तरमा छुट्टाछुट्टै ४२ वटा सत्र सञ्चालन गर्नुपर्ने परियोजना कार्यक्रमका संयोजक शर्मिला पौडेलले बताइन । उनका अनुसार दुर्गम ग्रामीण क्षेत्रका किशोरकिशोरीको जीवनशैली परिवर्तन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो । मन्दिप सुरी र सरु शिल्पकारले प्रशिक्षण दिनेछन् ।

# पर्यटक आकर्षित गर्न वातावरण संरक्षणमा जोड



बुटवल । लामो समयदेखि मुलुकको पर्यटन क्षेत्रको विकासमा क्रियाशील सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिले विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन उद्योग वातावरण प्रदूषणको चपेटामा परेकामा चिन्ता व्यक्त गर्दै बाह्य पर्यटक आकर्षित गर्न वातावरण संरक्षण अपरिहार्य भएको बताएका छन् ।

साथै उनीहरुले जलवायु परिवर्तनका कारण उत्पन्न विषम परिस्थितिले पनि पर्यटकको आगमन प्रभावित भएको वास्तविकतातर्फ सचेत हुन सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गरेका छन् ।

नेपाल वातावरण पत्रकार समूहले ‘पर्यटन क्षेत्रमा वातावरण प्रदूषणको असर’ शीर्षकमा शनिबार आयोजना गरेको छलफलमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले वातावरण प्रदूषणका कारण देशको सुन्दर छवि धमिलिएको बताए ।

उनले भने-“पर्यटन उद्योग मात्र यस्तो हो, जसले ग्रिन इकोनमीका लागि योगदान गरिरहेको छ ।

वायु प्रदूषणका कारण पर्यटन क्षेत्रले नोक्सानी व्यहोर्नु परेको छ । प्रदूषणका कारकलाई रोक्न सरकारले नीतिगत व्यवस्था गर्नुपर्छ । निजी क्षेत्र र सरकोकार भएका सबैले होस्टेमा हैँसे गरेर पर्यटन क्षेत्रको विकासका निम्ति लाग्नैपर्छ ।”

नेपाल पर्वतारोहण सङ्घका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा नकरात्मक असर देखिएको बताए । उनले भने-“जलवायु परिवर्तनले हिमालमा हिउँ पग्लिएको छ । विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्यमा नेपाल पर्दछ तर अहिले वायु प्रदूषणले देशको छवि धमिलियो । प्रदूषण घटाउनेतर्फ सबै लाग्नुपर्छ ।”

वायुप्रदूषण रोक्ने सचेतना अभियानमा लामो समयदेखि लाग्नुभएका भूपेन्द्र दासले विश्व नै वायु प्रदूषणको चपेटामा परेको बताउँदै भने-“डढेलो, फोहरमैला जलाउने, सवारीसाधनबाट उत्सर्जन हुने धुवाँ, धुँवाको मुस्लो फाल्ने पुराना सवारीसाधनको प्रयोग, निर्माण क्षेत्र र कलकारखानाबाट पनि वायु प्रदूषण हुन्छ ।

वायु प्रदूषणले पर्यटन उद्योगमा दीर्घकालीन असर पर्नसक्छ ।”

**Sainamaina Municipality**
**Office of Municipal Executive**
**Buddhanagar, Rupandehi**

## Invitation for Sealed Bids

First Invitation Date of E-bid: 2081-12-28

1. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.1000 in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha
   Name of Office: Sainamaina Municipality Office
   Office Account no.: Internal Revenue Fund
   A/C No. 0414201659915011
2. Electronic bids must be submitted to the office Sainamaina Municipalitythrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noon on 2082-01-12. Bids received after this deadline will be rejected.
3. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2082-01-12 at the office of Sainamaina Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost (Without VAT and Cont) | Bid Security (Rs.) | Cost of Bid Document (Rs) |
|---|---|---|---|---|
| SQ/07/081-82 | Management and Development Works of Public Pond at Leduwa, Sainamaina-04 | Rs.16,85,821.83 | 50000 | 1000 |

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**राजगोमन सर्पको नाप लिँदैः**
दाङको घोराही उप-महानगरपालिका-२ स्थित बलरामपुर बस्ती नजिकबाट उद्धारकर्ताले उद्धार गरेको राजगोमन (किङ कोब्रा)सर्पको नाप लिइँदै । १३ फीट लम्बाई र ८ किलोग्राम तौल भएको यो सर्प नेपाल सरकारले संरक्षित वन्यजन्तुको सूचीमा राखेको दुर्लभ तथा विषालु सर्प हो । उद्धार गरिएको उक्त सर्पलाई जीवितै डिभिजन वन कार्यालय, घोराहीमा बुझाइएको छ ।
तस्विर :कुलदीप न्यौपाने / रासस

# उत्कृष्ट डिजाइनरको उपाधि हिमालाई



तिलोत्तमा । हिमांशु बुटिक एण्ड ट्रेनिङ सेन्टर बुटवलको आयोजनामा सम्पन्न डिजाइनर रन वे सिजन ५ को उपाधि हिमा केसीले जितेकी छन् ।

डिजाइनरहरुको अन्तरनिहित क्षमता वृद्धि गर्ने उद्देश्यले हरेक वर्ष आयोजना हुँदै आएको प्रतियागितामा सेन्टरकै १३ जना डिजाइनरहरुले फेसनका नयाँ-नयाँ सिर्जनासहित प्रतिस्पर्धा गरेका थिए । उपाधिसँगै हिमाले इन्डष्ट्रियल मेसिन प्राप्त गरेकी छन् ।

प्रतियोगितामा प्रकृति पाण्डे फस्ट रनरअप भएकी छिन् । उनले पिको मेसिन प्राप्त गरेकी छन् । त्यसैगरी डिजाइनर लिला वाग्दास सेकेन्ड रनर अप भएकी छन् । उनले इन्टरलक मेसिन प्राप्त गरेकी छन् ।

सेन्टरका १३ जना पुराना डिजाइनर र ११ जना नयाँ डिजाइनरहरुले तयार गरेका फेशन पुरुष र महिला गरी ३१ जना मोडलहरुले प्रदर्शन गरेका थिए ।

कार्यक्रममा बोल्दै कृषि विकास बैंक सिद्धार्थनगर शाखा प्रमुख सिमा वनले ट्रेनिङ सेन्टरले डिजाइनरहरुको क्षमता र आत्मविश्वासलाई उजागर गरेको बताइन् । कार्यक्रममा सहभागी दर्शकहरुले सेन्टरले गरेको प्रतियोगितासबैका लागि प्रेरणाको स्रोत भएको बताउँदै यसले अरुलाई पनि प्रोत्साहित गर्ने बताए ।

सेन्टरले विगत ६ वर्षदेखि फेसन डिजाइनर र बुटिकसम्बन्धि तालिम दिँदै आइरहेको सेन्टरका सञ्चालक हिरा पेग्नीले बताइन् ।

# धान लगाउने खेतमा माछापालन



नवलपरासी । वन्यजन्तुले बालीनालीमा क्षति पुऱ्याएपछि मध्यवर्ती वन सीमासँग जोडिएका किसान माछापालनतर्फ लागेका छन् । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रबाट आउने वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि यहाँका कतिपय किसान माछापालनतर्फ लागेका हुन् ।

कावासोती नगरपालिका-७, साँढका सडककुमार चौधरीले आफूले पहिले धान खेती गर्दै आएको जमिनमा पोखरी खनेर माछापालन गर्दै आएको बताए । धानलगायतका अन्य बाली राम्रो हुने भए पनि भित्र्याउने समयसम्म मध्यवर्ती वनबाट आउने वन्यजन्तुले सबै क्षति पुऱ्याउन थालेपछि टोलका सबैले सल्लाह गरी पोखरी खनेर माछापालन सुरु गरेको उनले जनाए ।

"पहिला धान राम्रै फल्थ्यो, जनावरले खाएर सखाप पार्न थालेपछि पोखरी खनेर माछा पाल्न थालेका हौँ ।"-चौधरीले भने । पोखरी खन्न मध्यवर्ती सामुदायिक वनले समेत सहयोग गरेको हो । माछापालनबाट राम्रै आम्दानी गर्न सकिने गरेको चौधरीले जनाए ।

यहाँका रामनगर, साँढ र गैरी टोलका प्रायः सबैले माछापालन गरेका छन् । वन सीमासँग जोडिएका यी टोलमा मात्र करिब १०० पोखरी रहेको कावासोती नगरपालिका-७ का वडाध्यक्ष गोविन्दप्रसाद महतोले बताए । वन्यजन्तुले लगाएको बाली खाएर सताएपछि पोखरी खनेर माछा पालन गर्न थालेका स्थानीयको आम्दानीको माध्यम पनि माछापालन भएको छ ।

'वन्यजन्तुले बाली नाली खान्थ्यो, अब माछा खानेकुरा भएन, राम्रो नै रहेको छ, केहीले आम्दानीसमेत धेरै राम्रो गरेका छन् ।'-वडाध्यक्ष महतोले भने । वडाले गत वर्ष ५० प्रतिशत अनुदानमा माछाको दानासमेत उपलब्ध गराएको उनले बताए ।

कावासोती नगरपालिका पशुपन्छी विकास शाखाका प्रमुख डा.टेकराज पौडेलका अनुसार पालिकाको मध्यवर्ती सामुदायिक वनसँग जोडिएका वडामा माछा पालन गर्ने किसान बढ्दो रहेको छ । वन्यजन्तुले बालीमा क्षति पुऱ्याउँदा त्यसको विकल्प र उक्त क्षेत्रमा पानीको राम्रो स्रोत भएकासमेतले माछा पालन गर्ने किसान बढ्दो रहेको उनले जानकारी दिए ।
पालिकाको वडाहरू ७, १०, ११, १३, १४, १५, र १७ लाई माछा पकेट क्षेत्रका रूपमा रहेको शाखा प्रमुख डा.पौडेलले बताए । कावासोतीमा माछाको उत्पादन बढ्दै गएको उनले जनाए । 'कावासोती नगरपालिकामा पछिल्लो समय माछा पालन गर्ने किसान बढ्दै गएका छन्, उनीहरूले आम्दानी पनि राम्रो लिने गरेका छन्, पालिकाले पकेट क्षेत्र घोषणा गरी त्यसमा केही सहयोग समेत पुऱ्याउँदै आएको छ ।'-शाखा प्रमुख डा. पौडेलले भने ।

कावासोती नगरपालिकाले माछा पालन गर्ने किसानलाई मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम राखेर मोटर, एरिएटर, जाललगायतका सामग्री ७५ प्रतिशत अनुदानमा उपलब्ध गराएको, समय समयमा माछाको भुरा अनुदानमा उपलब्ध गराउनेलगायतका सहयोग गर्दै आएको शाखा प्रमुख डा.पौडेलले बताए ।

अहिले पनि साना माछा पोखरीको डिल भत्किने समस्या हुने हुँदा त्यसको सुरक्षाका लागि ट्रिपोलिन प्लास्टिक वितरण गर्न लागिएको शाखा प्रमुख डा. पौडेलले जानकारी दिए ।

# तिलोत्तमा राइडर्सले राष्ट्रियस्तरको साइक्लिङ गर्ने



तिलोत्तमा । तिलोत्तमा राइडर्सले निकट भविष्यमा तिलोत्तमामा राष्ट्रियस्तरको साइक्लिङ गर्ने घोषणा गरेको छ । हालै गठन भएको संस्थाको पहिलो कार्यसमिति बैठक तथा नयाँ वर्षको शुभकामना आदान-प्रदानमाअध्यक्ष अर्जुन गुरुङले तिलोत्तमालाई राष्ट्रियस्तरमा थप चिनाउन राष्ट्रियस्तरकोसाइक्लिङ गर्ने घोषणा गरेका हुन् । अध्यक्ष गुरुङले तिलोत्तमाका १७ वटै वडाका साइकल राइडर्सहरुलाई संस्थामा आबद्ध गराई बलियो र क्रियाशील संस्था बनाउने लक्ष्य रहेको बताए । यस अभियानमा सबैको साथको उनले अपेक्षा गरे ।

सो अवसरमा विभिन्न समयमा देश तथा विदेशमा भएका साईक्लिङ कार्यक्रममा सहभागी राइडर्सहरुलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा मेची महाकाली साइकलयात्री एच.बी बर्मा र सल्लाहकार सन्तोष के.सी बर्मा, तिलोत्तमा राइडर्सका बरुण ज्ञवाली र सुबास थापालगायतले स्वास्थ्यका लागि साइक्लिङको महत्वबारे चर्चा गर्दै शुभकामना आदान-प्रदान गरेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# निःशुल्क स्वास्थ्य शिविरबाट ८०० जनाले सेवा लिए



गुल्मी । इस्मा गाउँपालिका-६ अमरपुरमा विशेषज्ञ चिकित्सकसहित सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट ८०० भन्दा बढी बिरामीले सेवा लिएका छन् । संयुक्त राष्ट्रसङ्घका पूर्वसहायक महासचिव कुलचन्द्र गौतमको परिवारद्वारा स्थापना गरिएको 'हिमा स्मृति कोष'को आयोजनामा इस्माको अमरपुर स्वास्थ्य चौकीमा दुईदिने स्वास्थ्य शिविर सञ्चालन गरिएको हो ।

शिविरमा हाडजोर्नी, मुटु, मृगौला र स्त्रीरोगसम्बन्धि स्वास्थ्य परीक्षण गरिनुका साथै बिरामीलाई आवश्यक औषधिसमेत निःशुल्क उपलब्ध गराइएको थियो । घरबाट लौरो टेकेर स्वास्थ्य जाँच गर्न पुगेकी इस्मा अमरपुरकी ७९ वर्षीय तारा अर्यालले गाउँमै सेवा लिन पाएकामा खुसी व्यक्त गरिन ।

उपचार गराउन टाढाका अस्पताल पुग्न नसक्ने गरीब, अशक्त, अपाङ्ग, महिला तथा वृद्धवृद्धालाई लक्षित गरेर गाउँमै स्वास्थ्य शिविर सञ्चालन गरिएको संयुक्त राष्ट्रसङ्घका पूर्वसहायक महासचिव एवं हिमा गौतम स्मृति कोषका संस्थापक गौतमले बताए । गौतम परिवारले बुबा ओमप्रसाद गौतमको नामबाट शिक्षा र आमा हिमा गौतमको नामबाट स्वास्थ्य क्षेत्रमा विभिन्न सामाजिक काम गर्दै आएका छन् ।

कोषका अध्यक्ष नारायण पराजुलीले लामो समयदेखि गाउँको स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्दै आएकाले यसपटक पनि स्वास्थ्य शिविरलाई निरन्तरता दिइएको जनाए । शिविरमा डा.प्रकाश पौडेलको संयोजनमा मेडिसिटी अस्पतालका वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा.ऋषीकुमार काफ्ले, डा प्रकाश पौडेल, डा समीरचन्द्र गौतम, काठमाडौं मेडिकल कलेजमा कार्यरत वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा.प्रतिज्ञा गौतम, रुपा झा तथा हाडजोर्नी विशेषज्ञ र मेडिकल अधिकृतसहितको टोलीले बिरामीलाई सेवा प्रदान गरेको हो ।

गौतम परिवारले स्वर्गीय बुबा र आमाको नामबाट विद्यार्थीलाई शैक्षिक सामग्री, पुरस्कार, विद्यालयमा संरचना निर्माण, दिवाखाजालगायतका कार्यक्रममा सहयोग गर्दै आएको छ । गौतम परिवारले अमरपुरको स्वास्थ्यचौकी निर्माण गर्न निःशुल्क जग्गा प्रदान गर्नुका साथै शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरण र सामाजिक विकासको क्षेत्रमा उल्लेख्य काम गरेका स्थानीय समाजसेवी हिरा एसीले जानकारी दिए ।

आवश्यकता
रुपन्देही क्रिकेट संघको लागि निम्न बमोजिमका कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकलाई आफ्नो शैक्षिक योग्यता, नागरिकता, अनुभवको प्रमाणपत्र र बायोडाटा संलग्न गरी निवेदन पेश गर्नुहुने यो सूचना प्रकाशित गरिएको छ ।
पद : कार्यालय सचिव संख्याः १
शैक्षिक योग्यता : +२ वा सो सरह
मोटरसाइकल लाइसन्स भएको
कम्प्युटर सम्बन्धी ज्ञान भएको
अफिस समय : १२ बजेदेखि ५ बजेसम्म
तलब : आपसी समझदारीमा
आवेदन दिने अन्तिम मिति : २०८२/०१/०७ गतेसम्म
आवेदन शुल्क : रु. २०० मात्र
CRICKET ASSOCIATION OF RUPANDEHI ESTD. 2053
रुपन्देही क्रिकेट संघ
सिद्धार्थनगर–३, रुपन्देही
सम्पर्कः ९८६६८५१४२५, ९८५७०३२५५१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com